Citizens Bank
केन्द्रिय कार्यालय नारायणहिटी पथ, काठमाडौ नेपाल, www.ctznbank.com

CITIZENS NEWS BULLETIN

Year 6 | Issue 21 | January 2025

CEO'S MESSAGE



Ganesh Raj Pokharel

It is with immense pride and joy that I share some exhilarating news: Citizens Bank International has been awarded the prestigious "Bank of the Year 2024" at the annual awards ceremony held in London on December 4, 2024. This historic recognition is a testament to our unwavering commitment to excellence, innovation, and customer service. In our 18-year journey, this is the first time we've achieved such a distinguished honor, and it reflects the relentless dedication and hard work of every member of the Citizens Bank family.

Winning this award signifies our leadership in the banking sector and underscores our ability to adapt and thrive in an ever-evolving financial landscape. It highlights our commitment to providing exceptional solutions to meet our customers' needs while upholding integrity and transparency. As we celebrate this milestone, we must also look to the future. This achievement sets a new benchmark for us to build upon. Our priorities include reducing non-performing loans, expanding our portfolio, leveraging our digital transformation, and fostering stronger customer relationships. I urge all departments to align with these goals, ensuring we maintain our trajectory of growth and innovation.

The market's positive response to our achievement has created new opportunities, and I encourage each of you to harness this momentum. Together, we have proven that there are no limits to what we can achieve when we work as one team with a shared vision. In its history, the bank has also announced new products such as the ability to apply for a CRN number, IPOs, FPOs, and Right Shares through Citizens Bank's mobile banking app. Similarly, last year, we introduced a new product, the Virtual Credit Card. Innovation has always been the key to our success.

Recently we have completed half year end for fiscal year 081/82 with the total deposits of the bank have reached Rs. 198,968.9 Million, while the total loans of the bank reached Rs. 167,046.94 Million. During this period, we have marked a net profit of 661.83 million, according to report of this fiscal year. The result is not much exciting, we have to work hard ensure to set better result in next quarter with that focus on recovery, new businesses and Enhancing Operational Efficiency. Additionally, we must collectively work toward improving service quality, fostering teamwork, and ensuring that every branch and team member contributes to achieving our goals. With the right mindset and unwavering determination, I am confident we will deliver stronger results in the next quarter.

As we step into 2025, I am excited about the possibilities ahead. Last year was truly memorable- from delivering dividends to our shareholders to maintaining a flawless regulatory record. Let us continue to strive for excellence and make the coming year even more remarkable.

Thank you for your unwavering dedication. Together, we are shaping the future of banking. Congratulations on this incredible achievement.

Jay Citizens Bank!!

Financial Highlights

As on Poush End, 2081 (As per Unaudited Financial Report)

EARNINGS PER SHARE

NPR 8.96

MARKET PRICE PER SHARE

NPR 210.90

Amount in NPR


PROFIT AFTER TAX	PROFIT BEFORE TAX	OPERATING INCOME	TOTAL ASSETS
661,828,614	921,912,477	3,934,558,698	227,951,804,036

As on Poush End, 2081/82

Deposit (Amount in NPR mio)



Loan (Amount in NPR mio)




Number of Deposit Accounts
1,842,398

Number of Loan Accounts
49,333

ELECTRONIC BANKING USERS

- Active Mobile Banking Users: 649,909
- Active Internet Banking Users: 76,122
- Active QR Merchants: 25,136
- Active Card Users: 395,573
- Active e-Com Card Users: 4,252
- Active POS Merchants: 520
- Active Remittance Users: 79,416
- Active Demat Users: 205,682
- Active Mero Share Users: 175,850

CITIZENS BANK'S REACH



	BRANCHES	ATMs	BLBs
Koshi	27	15	05
Madhesh	29	24	06
Bagmati	54	63	43
Gandaki	15	14	04
Lumbini	51	31	13
Karnali	11	07	02
Sudur Paschim	10	07	01
Total	197	161	74

EMPLOYEE STRENGTH, TRAINING AND DEVELOPMENTS


Male
1032
56.99%



Female
779
43.01%

Number of Employees 1811

- Number of Trainings: 67
- Number of Employees' Participation: 1,732
- Training Expenses: NPR 12,776,534



Training and Development




The employees are periodically provided with training opportunities in order to develop the necessary skills to not only survive, but also compete in this dynamic industry. The focus is provided such that long-term goals of the employees and the Bank are in line with each other. The structured, pragmatic and challenging training plans have enabled the Bank to extract maximum benefits from the available employees with maximum utilization of human resources with minimum diversions. The employees are further encouraged to share their knowledge with fellow colleagues to strengthen the technical expertise at hand. Furthermore, employees in specific departments are provided with precise technical knowledge to help them nurture in the specific field of knowledge.

The Bank opted in both physical as well as offline training modules during the second quarter of the Fiscal Year 2081/82.We believe that employees are the core strength of the Bank in the current time and they play a very significant role in the success of the Bank. Complying with our Human Resource Core Value which is to nurture, empower human capital and achieve their full potential; the Bank has been providing online as well as physical trainings.

In the Second quarter of FY 2081/82 the training details i.e. the kind of training and the number of staff benefited from the training is mentioned below.


Training Provided in Second Quarter

S.N	Nature of Training	No of Training Conducted	No of Participants Benefited
1	Conference	5	18
2	Online Trainings	7	922
3	In House Physical Training	11	635
4	Interaction	8	35
5	Orientation Program	1	1
6	Outside Trainings	29	112
7	Seminar	2	4
8	Overseas Training	2	3
9	Workshop	2	2
	TOTAL	**67**	**1732**



Province-wise Training Details

S.No.	Provinces	No.of Staff Benefited
1	Bagmati Province	755
2	Gandaki Province	74
3	Karnali Province	53
4	Koshi Province	223
5	Lumbini Province	389
6	Madhesh Province	190
7	Sudur Paschim Province	48
	Total	**1732**





Smarica Tiwari
(Head Corporate Communication)

The Light of Financial Literacy

In the hills and plains where dreams reside,
Nepalese hearts with hopes abide.
Yet without the knowledge of finance's art,
Dreams may falter, fall apart.
Financial literacy, a guiding flame,
Empowers all, no matter the name.
From farmers tilling the fertile ground,
To merchants where the markets sound.
It teaches us how to wisely save,
To guard what's earned, to be brave.
A shield from debt, a path to grow,
Informed decisions, seeds we sow.
For the youth with ambition in their eyes,
It opens doors, it helps them rise.
Budgeting skills and investment's lore,
Lead to futures we can explore.
Women empowered, communities strong,
Financial knowledge rights the wrong.
It bridges gaps, brings equity near,
Building resilience year by year.
In every village, every town,
Financial literacy wears the crown.
For Nepal's progress, let's unite,
Spread this knowledge, ignite the light.
So let us teach, and let us learn,
The value of every rupee we earn.
Together we'll build a nation wise,
With financial literacy as our prize.







बैंकका गतिविधिहरू

सटिजन्स बैंकको १८ औं वार्षिक साधारण सभा सम्पन्न



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको १८ औं वार्षिक साधारण सभा बैंक सञ्चालक समितिका अध्यक्ष श्री प्रवल जङ्ग पाण्डेज्यूको अध्यक्षतामा मिति २०८१ साल कार्तिक महिना १२ गते, सोमबार, अमृतभोग, कालिकास्थान, डिल्लीबजार, काठमाडौंमा सम्पन्न भएको छ ।

यस अवसरमा आ.व. २०८०/८१ को संचालक समितिको वार्षिक प्रतिवेदन छलफल गरि पारित गरिएको छ । बैंकको लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको एन.एफ.आर.एस (NFRS) बमोजिम तयार गरिएको वासलात, आ.व. २०८०/८१ को नाफा नोक्सानीको हिसाव तथा नगद प्रवाह विवरण लगायतका एकीकृत (Consolidated) वित्तीय विवरणहरू सभामा छलफल भई स्वीकृत भएको छ । त्यसै गरी साधारण सभाले गत आर्थिक वर्ष २०८०/८१को वितरण योग्य मुनाफाबाट २०८१ आषाढ मसान्तको चुक्तापुँजी रू. १४,२००,९७४,००६/- को ४ प्रतिशतले हुने रू ५६,८०,३८,९६०/२३ बोनस शेयर र कर प्रयोजनको लागि नगद लाभांश ०.२१ प्रतिशतले हुने रू २,९८,९६,७८७/३८ सहित जम्मा रू ५९,७९,३५,७४७/६१ लाभांश दिने प्रस्ताव सर्व सम्मति बाट पारित गरेको छ ।

सिटिजन्स बैंकद्वारा दृष्टिविहीन बालबालिकाका लागि ब्रेल शैक्षिक सामग्री सहयोग



हालसालै मात्र विश्वकै प्रतिष्ठित अवार्ड बैंक अफ द ईयर २०२४ को उपाधि प्राप्त गर्न सफल भएको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि जस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम संचालन गर्दै आएको छ । यसै क्रममा विभिन्न किसिमका अपाङ्गता भएका बालबालिका र युवाका लागि काम गर्दै आएको मैत्री समाज नेपाल संगको सहकार्यमा बैंकले वीरेन्द्रनगर सुर्खेतमा अवस्थित श्री कृष्ण संस्कृत तथा साधारण मा.वि. मा अध्ययनरत दृष्टिविहीन बालबालिकाहरूलाई ब्रेल शैक्षिक सामग्री प्रदान गरेको छ ।

बैंक अफ द ईयर २०२४ को अवार्ड सिटिजन्स बैंकलाई



विगत १८ बर्ष देखि सर्वसुलभ र सुरक्षित बैंकिङ्ग सेवा पुऱ्याँउदै आइरहेको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड विश्वको प्रतिष्ठित बैंक अफ द ईयर २०२४ को अवार्डबाट लण्डनमा सम्मानित भएको छ । संयुक्त अधिराज्य (युके) अवस्थित द फाइनान्सियल टाईम्सले डिसेम्वर ४, मा आयोजना गरेको एक कार्यक्रमका बीच सिटिजन्स बैंकलाई बैंक अफ द ईयर २०२४ को अवार्ड प्रदान गरेको छ । बैंक संचालक समितिका अध्यक्ष प्रवल जङ्ग पाण्डेज्यू र बैंकका प्रमुख कार्यकारी अधिकृत गणेश राज पोखरेलज्यूले बैंकको प्रतिनिधित्व गर्दै बैंक अफ द ईयर २०२४ को सम्मान ग्रहण गर्नुभएको छ । समारोहमा करिव १०० भन्दा बढी देशका बैंकका अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत लगायतका अधिकारीहरू गरि करिव ३०० जना भन्दा बढीको बाक्लो उपस्थिति रहेको थियो । बैंक संचालक समितिका अध्यक्ष प्रवल जङ्ग पाण्डेज्यूले बैकिङ्ग क्षेत्रको ओस्कार पुरस्कार मानिने विश्वको प्रतिष्ठित बैंक अफ द ईयर २०२४को अवाड बैंकले प्राप्त गर्न सफल भएकोमा अत्यन्त गौरबान्वित महसुश गरेको र यसबाट आगामी दिनमा अझ उत्कृष्ट प्रविधि मैत्रि आधुनिक बैंकिङ्ग सेवा सुविधा ग्राहकहरूमाझ ल्याउनको लागि हौंसला मिलेको बताउनुभयो । त्यसैगरी बैंकका प्रमुख कार्यकारी अधिकृत गणेश राज पोखरेलज्यूले यस अवार्डको प्राप्ती संम्पूर्ण सरोकारवाला निकायहरूको सहयोग एवं कर्मचारीहरूको अहोरात्र मेहनतबाट संम्भव भएको बताउदै आगामी दिनमा अझ उत्कृष्ट कार्य सहित सुशासन र प्रुडेन्ट बैंकिङ्ग र हरित बैंकिङ्गका सेवा सुविधाहरूमा थप बल गर्ने प्रतिवद्दता व्यक्त गर्नुभयो ।

द फाइनान्सियल टाईम्सले बार्षिक रूपमा विभिन्न देशका बैंकहरूले गर्ने कार्यसंम्पादन एवं गतिविधिहरूलाई मध्यनजर गर्दै बैंक अफ द ईयरबाट सम्मानित गर्ने गरेको छ र यसै अनुरूप वर्ष २०२४ को अवार्ड सिटिजन्स बैंकले प्राप्त गर्न सफल भएको छ । यस अवार्डबाट सम्मानित हुने बैंकहरूको बार्षिक सूची द फाइनान्सियल टाईम्सको म्यागजिन द बैंकर मार्फत प्रकाशित हुने गरेको छ ।



बैंकका गतिविधिहरू

सिटिजन्स बैंकको ७.९९% घर कर्जा योजना सार्वजनिक



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आफ्ना ग्राहकहरूलाई उत्कृष्ट बैंकिङ्ग सेवा सुविधाहरू प्रदान गर्ने क्रममा 'सपनाको घरलाई दिनुहोस् आकार, सिटिजन्स घर कर्जाले पार्नेछ सपना साकार' भन्ने उद्घोषका साथ ७ वर्षको लागि स्थिर रहने गरि ७.९९ प्रतिशत प्रति बर्ष घर कर्जा योजना सार्वजनिक गरेको छ । यो योजना अन्तर्गत कायम रहेको व्याजदर ७ बर्ष सम्म स्थिर रहने छ । ७ वर्ष पछि भने बैंकको प्रचलित औसत मासिक आधार दरमा १% प्रिमियम दर थप गरि ब्याजदर कायम गरिनेछ । यस आकर्षक योजनामा सहभागी हुनको लागी ग्राहकहरूले आफ्नो पायक पर्ने नजिकको सिटिजन्स बैंकको कुनैपनि शाखा कार्यालयबाट सुविधा उपभोग गर्न सक्नेछन ।

अधिक्तम २ करोड सम्मको कर्जा उपभोग गर्न सकिने यस घर कर्जा योजनामा ग्राहक महानुभावहरूलाई निःशुल्क भिसा क्रेडिट कार्ड र सिटिजन्स फोनपे क्रेडिट कार्ड जारी गरिने सुबिधा रहेको छ साथै पहिलो वर्षको लागि लकर सुविधा शुल्कमा पनि ५० प्रतिशत शर्तसहितको छुट रहेको छ ।

विराटनगर महानगरपालिकाको सडक सौन्दर्यीकरण परियोजनाका लागि सिटिजन्स बैंकको सहयोग



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत विराटनगर महानगरपालिका क्षेत्रभित्र पर्ने रानी-बरगाछी सडक सौन्दर्यीकरण परियोजनाका लागि २ लाख रूपैयाँ सहयोग प्रदान गरेको छ । विराटनगरलाई सफा, सुन्दर, व्यवस्थित र विकसित बनाउने अभियान अन्तर्गत रानी-बरगाछी ६ लेन सडकको डिभाइडरमा हरियाली सहित सडक सौन्दर्यकरण परियोजनाका लागि बैंकले सो सहयोग रकम प्रदान गरेको हो । विराटनगर महानगरपालिकामा आयोजित एक कार्यक्रमका बीच मेयर श्री नागेश कोइरालालाई २ लाख रूपैयाँ बराबरको चेक हस्तान्तरण भएको छ । आगामी दिनमा पनि बैंकले संस्थागत सामाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि जस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम संचालन गर्ने योजना रहेको जानकारी गराएको छ ।

सिटिजन्स बैंकको कम्पनी सचिवमा प्रमेश राज कायस्थ नियुक्त



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको २०८१ साल मंसिर ७ गते बसेको संचालक समितिको ४६९ औं बैठकले श्री प्रमेश राज कायस्थलाई मंसिर ९ गतेदेखि लागू हुनेगरी कम्पनी सचिवमा नियुक्त गर्ने निर्णय गरेको छ । करिव १४ वर्ष देखि बैंकिङ्ग क्षेत्रमा कार्यकुशलता प्रदर्शन गर्दै आउनु भएका प्रमेश राज कायस्थ हाल बैंकको प्रमुख वित्त अधिकृतको रूपमा कार्यरत हुनुहुन्छ । वित्त व्यवस्थापन, रणनीतिक योजना तथा धितोपत्र बजार सम्बन्धी विषयमा उहाँको दक्षता रहेको छ । हाल उहाँ बैंकको सहायक कम्पनी सिटिजन्स क्यापिटल लिमिटेडको संचालक पनि हुनुहुन्छ ।

११.११ अभियानको लागि सिटिजन्स बैंक र दराज बीच सम्झौता



मिति २०८१ साल, कार्तिक १३ गते मंगलबारका दिन सिटिजन्स बैंक र नेपालको अग्रणी अनलाइन बजार दराज केयमु प्रा.लि. बिच बैंकका कार्डबाहक ग्राहकहरूलाई दराजको ११.११ अभियानमा छुट प्रदान गर्ने सम्झौता भएको छ । यो योजना नोभेम्बर ११ (कार्तिक २६ गते) देखि लागु हुनेछ ।

सिटिजन्स बैंकमा खाता रहेका ग्राहकहरूले दराज द्वारा ११.११ को अवधिमा अनलाइन सामान खरिद गर्दा डेबिट कार्ड मार्फत अग्रिम भुक्तानीमा १५% वा अधिकतम रू २,००० सम्मको छुट र क्रेडिट कार्ड मार्फत अग्रिम भुक्तानीमा २०% वा अधिकतम रू २,५०० सम्मको छुट प्राप्त गर्न सक्नेछन् ।

सिटिजन्स बैंक र भोकमन्त्र प्रा.लि. बीच समझदारी



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र गोङ्गबु, काठमाडौं स्थित भोकमन्त्र प्रा.लि.बीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्ड बाहक र मोबाइल बैंकिङ्ग ग्राहकहरूले भोकमन्त्र प्रा.लि.मा १०% सम्मको आकर्षक छुट पाउने छन् ।

बैंकका गतिविधिहरू

नेपालमै पहिलो पटक सि.आर.एन नम्बर र शेयर आवेदन सेवा सिटिजन्स मोवाईल बैंकिङ्ग एपमा



डिजिटल बैंकिङ्गलाई उच्च प्राथमिकतामा राख्दै बिगत अठार वर्ष देखि आम नेपाली सर्वसाधारण ग्राहकहरू माझ सर्वसुलभ बैंकिङ्ग सेवा पुर्याउँदै आएको यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको अनुमति पश्चात नेपालमै पहिलो पटक सिटिजन्स मोबाइल बैंकिङ APP मार्फत नै "शेयर आवेदन र CRN नम्बर" सेवा लिन सकिने व्यवस्था मिलाएको छ ।

सिटिजन्स मोबाइल बैंकिङ्ग APP मार्फत ग्राहकहरूले सिधै IPO/FPO/ Right Share का लागि आवेदन दिन सक्नुका साथै CRN नम्बरको लागि समेत आवेदन दिन सक्नेछन् । कारोवार सफलताको जानकारी ग्राहकवर्गले Real Time मा नै प्राप्त गर्नु हुनेछ । IPO/FPO/ Right Share आवेदनको Verification वा Rejection को Real-Time Response र Real Time CRN नम्बर उपलब्धता पश्चात ग्राहकहरूले बैंकको शाखा कार्यालय नगई सहज र झंझट मुक्त सुविधा प्राप्त गर्न सक्नुहुने विश्वास बैंकले लिएको छ । ग्राहकहरूलाई अझ सरल र प्रभावकारी सेवा प्रदान गर्न यस व्यवस्थाले ठूलो भूमिका खेल्नेछ र यसले कर्मचारीको कार्य दक्षता र ग्राहक सन्तुष्टिमा महत्वपूर्ण सुधार ल्याउनेछ ।

सिटिजन्स बैंक र होटल ली हिमालय बीच समझदारी



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र लाजिम्पाट, काठमाडौं स्थित होटल ली हिमालय बीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङ्ग ग्राहकहरूले होटल ली हिमालयमा १५% सम्मको आकर्षक छुट पाउने छन् ।

सिटिजन्स बैंक र इजी डेन्टल प्रा.लि. बीच समझदारी



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र महाङ्काल, काठमाडौं स्थित इजी डेन्टल प्रा.लि.बीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्ड बाहक र मोबाइल बैंकिङ्ग ग्राहकहरूले इजी डेन्टल प्रा. लि.मा १५% सम्मको आकर्षक छुट पाउने छन् ।

सिटिजन्स बैंक र एस एम डेन्टल एण्ड स्किन केयर प्रा.लि. बीच समझदारी



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र लाजिम्पाट, काठमाडौं स्थित एस एम डेन्टल एण्ड स्किन केयर प्रा.लि. बीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङ्ग ग्राहकहरूले एस एम डेन्टल एण्ड स्किन केयर प्रा.लि.मा २५% सम्मको आकर्षक छुट पाउने छन् ।

सिटिजन्स बैंकद्वारा सुदूरपश्चिमका विद्यार्थीहरूलाई न्यानो कपडा वितरण



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत सुदूरपश्चिम प्रदेश बाजुरा जिल्लाको हिमाली गाउँपालिका १ विच्छयाँमा अवस्थित श्री विच्छयाँ माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई न्यानो कपडा सहयोग प्रदान गरेको छ । विद्यालयमा अध्ययनरत अधिकांश विद्यार्थीहरू विपन्न परिवारबाट रहेका र उनिहरूको आर्थिक अवस्था सबल नभएको कारण जाडो मौसममा न्यानो कपडा खरिद गर्न कठिनाइ हुने भएकाले ती बालबालिकाहरूलाई न्यानो स्वेटर प्रदान गरिएको हो । विद्यालयमा अयोजित एक कार्यक्रमका बीच इ।सि।डी र कक्षा १ देखी कक्षा १० सम्म अध्ययनरत २११ विद्यार्थीहरूलाई बैंकले स्वेटर प्रदान गरेको हो ।

सिटिजन्स बैंक र लेमन ट्री प्रिमियर बीच समझदारी




सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र बुढानीलकण्ठ, काठमाडौं स्थित लेमन ट्री प्रिमियर बीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङ्ग ग्राहकहरूले लेमन ट्री प्रिमियरमा २०% सम्मको आकर्षक छुट पाउने छन् ।

सिटिजन्स बैंकद्वारा दृष्टिविहीनहरूलाई सेतो छडी सहयोग



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूको हक हित र अधिकार को निम्ति लामो समय देखी निरन्तर रूपमा काम गर्दै आएको अपाङ्गता संरक्षण नेपाल संगको सहकार्यमा ९० जना दृष्टिविहीनहरूलाई सेतो छडी प्रदान गरेको छ । मधेश प्रदेश, सप्तरी जिल्लामा पूर्ण दृष्टिबिहीनहरूको सहभागितामा अपाङ्गता संरक्षण नेपालद्वारा अयोजित अन्तरक्रियात्मक कार्यक्रममा उपस्थीत दृष्टिविहीनहरूलाई बैंकले सो सामग्री हस्तान्तरण गरेको हो । बैंकको यो सानो पहलबाट दृष्टिविहीनहरूको दैनिक कामकाज र आवतजावतमा सहजता प्राप्ति हुने विश्वास बैंकले लिएको छ ।



सिटिजन्स बैंकको अगुवाईमा ४१.०६ मेगावाटको संखुवाखोला जलविद्युत परियोजनाको वित्त व्यवस्थापन



सिटिजन्स बैंक इन्टरनेसनल लि.को अगुवाईमा एभरेष्ट बैंक लि., नेपाल एस.बि.आइ बैंक लि. र सानिमा बैंक लि. सहित ४ बैंकहरूले रू. ६ अर्ब १५ करोड रूपैयाँ ऋण लगानी गर्ने गरी ४१.०६ मेगावाट क्षमताको संखुवाखोला जलविद्युत परियोजना आउने भएको छ । आज मिति २०८१ मंसिर २४ गते सोमबारको दिन प्रवर्द्धक कम्पनी गुराँस हाईड्रो लिमिटेड एवं लगानीकर्ता बैंकहरू बीच वित्तीय व्यवस्थापनका लागि सहवित्तीयकरण कर्जा सम्झौतामा हस्ताक्षर भएको छ । उक्त परियोजना कोशी प्रदेश, संखुवासभा जिल्ला, सिलिचोङ गाँउपालिका र भोजपुर जिल्ला, साल्पा सिलिचाछो गाँउपालिकमा निर्माण हुनेछ ।

परियोजनाको अनुमानित लागत करीब रू. ८ अर्ब २० करोड मध्ये बैंकहरूले ७५:२५ को ऋण:स्वपुँजी अनुपातमा रू. ६ अर्ब १५ करोड बराबरको ऋण लगानी गर्नेछन् । यसमध्ये सिटिजन्स बैंक लि.बाट रू. २ अर्ब ९० करोड, एभरेष्ट बैंक लि.बाट रू. १ अर्ब २५ करोड, नेपाल एस.बि.आइ. बैंकबाट १ अर्ब २५ करोड र सानिमा बैंक लि. बाट रू. ७५ करोड लगानी हुनेछ भने २५% स्वपुँजी प्रवर्द्धकहरूबाट जुटाइने छ । परियोजना आगामी चार वर्ष भित्र निर्माण सम्पन्न गरी विद्युत उत्पादन गर्ने लक्ष्य रहेको र निर्माण सम्पन्न पश्चात उत्पादित बिजुली नेपाल विद्युत प्राधिकरणको संखुवासभा स्थित सित्तलपाटी सब स्टेशनमा जोडिने छ । कम्पनीका अनुसार आयोजनाबाट हिउँदमा ७५.०४१ गिगावाट घन्टा र बर्षायाममा १६५.८८८ गिगावाट गरी बार्षिक २४०.९२९ गिगावाट घन्टा विद्युत उत्पादन हुनेछ ।

सहवित्तीयकरण कर्जा सम्झौता हस्ताक्षर कार्यक्रमलाई संवोधन गर्दै सिटिजन्स बैंकका प्रमुख कार्यकारी अधिकृत गणेश राज पोखरेलले सिटिजन्स बैंकले स्थापना कालदेखि नै एकल लगानीका साथै आफ्नो अगुवाई, सह अगुवाई तथा अन्य बैंकहरूसँगको सह वित्तीयकरण कर्जा मार्फत जलविद्युत लगायत हरित उर्जा क्षेत्रमा उल्लेख्य रूपमा लगानी गर्दै आएको र बैंकिङ्ग क्षेत्र एवं स्वतन्त्र उर्जा उत्पादकहरूको संयुक्त लगानीबाट धेरै आयोजनाहरूको निर्माण भई संचालनमा आएका कारण देशको समग्र उर्जा क्षेत्रको विकासमा नीजि क्षेत्रको ठूलो योगदान रहेको बताउनु भयो । हाल सम्म निर्माण सम्पन्न भएका १२४.५४१ मेगावाट क्षमताका १३ वटा आयोजना र निर्माणाधिन ५१६.५७४ मेगावाट क्षमताका १६ वटा आयोजना सहित जम्मा ६४१.११५ मेगावाट क्षमताका २९ वटा आयोजनामा सिटिजन्स बैंकको लगानी रहेको छ । सिटिजन्स् बैंकले हाल सम्म १५ वटा हाइड्रोपावर आयोजनामा अगुवा बैंक, २ वटा हाइड्रोपावर आयोजनामा सह अगुवा बैंक, ९ वटा हाइड्रोपावर आयोजनामा सहभागी बैंक रूपमा र ३ वटा हाइड्रोपावर आयोजनामा एकल लगानी रहेको छ । प्रवर्द्धक कम्पनी गुराँस हाईड्रो लिमिटेडका तर्फबाट अध्यक्ष शिव प्रसाद घिमिरेले आगामी चार वर्षभित्र परियोजना निर्माण सम्पन्न गरी विद्युत उत्पादन गर्ने लक्ष्य रहेको र हालसम्म नेपाल विद्युत प्राधिकरण, विद्युत विकास विभाग, वन तथा वातावरण मन्त्रालय लगायत सरोकारवाला निकायहरूमा गर्नुपर्ने सबै कानूनी प्रक्रिया पुरा गरी सकिएकोले आयोजना तत्काल निर्माण शुरू गरि समयमै सम्पन्न हुने विश्वास व्यक्त गर्नुभयो ।

बैंकका गतिविधिहरू



The CEO visited Gandaki Province on the 14th of Poush.








The Branch Manager's (BM) meet held on the 9th of Poush.






THE BANKER
BANK OF THE YEAR
2024
NEPAL
Citizens Bank
Your Partner For Progress
BANK
OF THE YEAR 2024
BANK OF THE YEAR
AWARDS 2024
Nepal
Citizens Bank International Limited
Empowering Excellence
Celebrating Achievement.